मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मितिः २०८३ असोज २५

बडादशैं (विजयादशमी) २०८३ को हार्दिक मंगलमय शुभकामना

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको तथा अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा मनाइने विजयादशमीले सत्य, सदाचार, नैतिकता, आपसी सद्भाव र सकारात्मक सोचको महत्त्वलाई उजागर गर्दछ। यस पर्वले पारिवारिक एकता, सामाजिक सद्भाव, सहिष्णुता, भ्रातृत्व तथा राष्ट्रिय एकतालाई सुदृढ बनाउँदै आपसी प्रेम, सम्मान र सहकार्यको भावना अभिवृद्धि गर्न प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो। विविधताभित्र एकता कायम राखु, सबै समुदायका भाषा, संस्कृति, परम्परा र पहिचानको सम्मान गर्नु तथा संविधानप्रदत्त अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु हाम्रो साझा दायित्व हो। जातीय विभेद, छुवाछुत, लैङ्गिक असमानता र सबै प्रकारका सामाजिक बहिष्करणको अन्त्य गर्दै समानता, सामाजिक न्याय, समावेशिता र समान अवसरमा आधारित समाज निर्माण गर्न यस पर्वले हामी सबैलाई प्रेरित गरोस्।

मधेशी समुदायलगायत सबै समुदायको हकहित, पहिचान, भाषा, संस्कृति तथा संवैधानिक अधिकारको सम्मान र संरक्षण गर्दै समावेशी, न्यायपूर्ण र समतामूलक समाज निर्माणका लागि आपसी सहयोग, सहकार्य र प्रतिबद्धता आवश्यक छ। चाडपर्वको खुशी समाजका विपन्न, सीमान्तकृत, असहाय तथा अवसरबाट वञ्चित समुदायसम्म पुऱ्याउन सकेमा सामाजिक सद्भाव र मानवीय एकता अझ सुदृढ हुनेछ।

अन्त्यमा, बडादशैं (विजयादशमी), २०८३ ले सम्पूर्ण नेपालीको जीवनमा सुख, शान्ति, समृद्धि र नयाँ उत्साहको सञ्चार गरोस्। देशमा सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि तथा राष्ट्रिय एकता सुदृढ हुँदै जाओस् र विविधतामा एकता, समानतामा सम्मान तथा सहकार्यमा समृद्धिको भावना अझ बलियो बनोस् भन्ने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

(माननीय जीवछ साह)
कार्यवाहक अध्यक्ष

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np